# बार्षिक बजेट, नीति तथा कार्यक्रम

# नगर उप प्रमुखको बक्तव्य

# १५औं नगरसभा

(आ.व. २०८२।०८३)

## कलैया उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कलैया, बारा, मधेश प्रदेश

मितिः २०८२।०३।०९ गते सोमवार

# बजेट बक्तब्य, नीति तथा कार्यक्रम्

## आ.व. २०८२/०८३

१. कलैया उपमहानगरपालिकाको १५औं नगरसभाका सभाध्यक्ष एवं नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारीहरु र पत्रकारज्यूहरुमा सर्व प्रथम हार्दिक स्वागत गर्न चाहन्छु । यस नगरसभामा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा म आफुलाई हर्षित एवं गौरवान्वित महशुस गरिरहेको छु । आजको यो अवसरमा नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, शान्ती र समृद्धिको लागी बिभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक आन्दोलनहरु एवं मधेश आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्दछु।

२. कलैया उपमहानगरपालिकावाट प्रवाह गरिने सेवा र विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं नतिजामुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागिता मूलक बनाउदै लैजाने, उपलब्ध श्रोत र साधनको अधिक्तम व्यवस्थापन एवं परिचालन गर्दै तीव्र शहरीकरणको व्यवस्थापन तर्फ सिङ्गो उपमहानगरपालिका सदैव सचेत रहदै आएको छ ।

३. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट नेपालको संविधान २०७२ का मार्ग निर्देशक सिद्धान्त तथा विकास नीति, सोहौं योजनाका लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति एवं प्रदेश सरकारको दोस्रो आवधिक योजना, कलैया

उपमहानगरपालिकाको प्रथम पञ्च वर्षिय योजना, वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ , संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं राष्ट्रिय योजना आयोगवाट प्राप्त मार्गदर्शन र निर्देशन तथा नेपाल सरकार र प्रदेश सरकारबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा नीतिगत मार्गदर्शनको सीमा भित्र रही अगामी आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ ।

४. अगामी आ.व.को नीति तथा कार्यक्रम र वजेट तर्जमा गर्दा स्थानीय जन सहभागिता, सामाजिक समावेशीकरणको माध्यम द्वारा समुदायको सशक्तिकरण, रोजगारीको अवसरमा अभिवृद्धि, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार,स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन, पारदर्शिता रजवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ। त्यस्तै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुवाट प्राथमिकताको आधारमा सिफारिस भई आएका र वडा समितिवाट प्राथमिकीकरणमा राखी छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोत साधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ।

५. समृद्ध कलैया, सुखी कलैयाबासी" बनाउने संकल्पलाई शिरोधार्य गर्दै कलैया उपमहानगरपालिकालाई समृद्ध उपमहानगरपालिकाको रुपमा रुपान्तरण गर्नको लागि विगतका असल अभ्यासहरुलाई निरन्तरता दिदै पूर्वाधार विकासलाई कृषि क्षेत्रको व्यवसायीकरण सँग आवद्ध गराउने,

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रमा लगानी बढ़ाउने र दैनिक प्रशासन लगायत विकासका सवै प्रक्रियामा सुशासनका आधारभूत मान्यतालाई संस्थागत गर्न यस उपमहानगरपालिकाको आगामी आ.व. ०८२/०८३ को लागि तपसिल बमोजिम लक्ष्य,उदेश्य, प्राथमिकता र क्षेत्रगत नीति प्रस्तुत गरेको छु ।

## लक्ष्य

समृद्ध कलैयाको अवधारणालाई साकार पार्न अल्पकालीन तथा दीर्घकालीन विकासका योजनाहरु मार्फत "समृद्ध कलैया सुखी कलैयावासी" र कृषि र पूर्वाधार समृद्ध कलैयाको आधार निर्माण गर्ने ।

## उदेश्य

१. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चत्तम परिचालन गरी दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा नगरलाई आधुनिक र सुविधा सम्पन्न बनाउने ।

२. सङ्घीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप नगरका सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका महिला, दलित, अपाङ्ग तथा वालवालिकाहरुलाई आत्मनिर्भर हुने खालका विभिन्न रोजगारीको लागी सीप मुलक तालिमको माध्यमवाट विकास प्रक्रियामा मूलप्रवाहिकरण गर्ने ।

३. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरणमैत्री शासन पद्धतिको अवलम्बन गरी नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाउने । योजनाहरु संचालनमा सरकारी, गैर सरकारी, सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला निकायहरुको भूमिका थप सुदृढ गर्दै सम्पूर्णलाई विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने ।

४. आधारभूत शहरी सेवाको पहुँच नपुगेका नयाँ वडाहरुमा शहरी सेवाको विकास र विस्तार गर्दै सघन शहरी विकास कार्यक्रमसँग आबद्ध गर्ने । नगरपालिका क्षेत्रभित्र एकीकृत जग्गा विकास, बस्ती विकास र आवास विहिन तथा आर्थिक रुपले विपन्न, गरीब र सामाजिक बहिस्करणमा परेका नागरिकका लागी उपयुक्त, सुरक्षित र ब्यवस्थित आवासको व्यवस्थालाई निरन्तरता दिदै दलित नागरीकको लागि आवास व्यवस्था गर्न ।

५. नगर क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरु, ताल, तलैया, मठ, मन्दिर, मस्जिद तथा पार्कहरुको संरक्षण र विकास गरी आन्तरिक र बाह्य पर्यटकको प्रवर्द्धन गर्ने ।

६. कर प्रशासनलाई सेवाग्राही मैत्री बनाउन चुस्त, पारदर्शी र प्रविंधि मैत्री बनाउदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गर्दै राजश्व अभिवृद्धि गरि आत्मनिर्भर बनाउने ।

७. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार सरसफाई र पूर्वाधार विकास जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरी योजना तथा कार्यक्रम संचालन गर्ने ।

८. योजना तथा कार्यक्रमहरुको गुणस्तर सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

**प्राथमिकता**

१. शिक्षा, स्वास्थ्य र कृषि लगायत क्षेत्रको पुर्वाधारहरु विकास, विस्तार र संस्थागत सुदृढिकरण ।
२. जयवायु अनुकुल तथा वातावरण र पानी संरक्षण ।
३. नगरबासीका लागि काम र रोजगारीको अवसरमा बृद्धि गर्न सहयोगी संस्थासंगको समन्वयमा सुलभ व्याजदरमा ऋणको व्यवस्था
४. सूचना प्रविधिको विस्तार, गुणस्तरीय तथा पहुँच युक्त सार्वजानिक सेवा तथा उत्तरदायित्व र पारदर्शीताको सुदृढिकरण ।
५. उपमहानगरपालिका द्वारा स्वीकृत भई कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजना तथा कार्यक्रमहरुको निरन्तरता ।
६. अधुरो योजनाहरुको निरन्तरता ।

# क्षेत्रगत नीति तथा कार्यक्रमहरु

## पूर्वाधार सम्वन्धी

- उपमहानगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य यसै आ. ब. मा सम्पन्न गरी संचालनमा ल्याइनेछ।
- वस्ती विकास एवं भवन निर्माण मापदण्ड र आचारसंहिता प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- भविष्यको पुस्ताको आवश्यकता, नगरको पहिचान तथा विकासको दीर्घकालिन सोच सहित यस उपमहानगरपालिकामा नयाँ निर्माण तथा विस्तार गरिने सडकको चौडाइ कम्तिमा २० फिट कायम गर्ने नीति लिइनेछ।
- पुराना बस्तीहरुमा रहेका १३ फिट भन्दा कम चौडाई भएका सडकहरुमा कालोपत्रे र ढलान नगरी पानी तथा वाताबरण संरक्षणमा समेत मदत हुने प्रविधीयुक्त इन्टर लक गरिनेछ।
- निर्मित पूर्वाधारको मर्मत संभारको लागि मर्मत संभार कोपको स्थापना गरिएको छ । उक्त कोषबाट साविकमा निर्मित संरचनाहरुको मर्मत संभार तथा तत्काल गर्न पर्ने मर्मत संभारको कार्यलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ।
- आफ्नै भवन नभएका वड़ा कार्यालयहरुलाई भवन निर्माणको लागि उच्च प्राथमिक्ता दिइनेछ ।

- नक्सा पासको लागि पेश गरिने नक्सा नगरपालिकाकै इन्जिनियरद्वारा तयार गर्न लगाइनेछ र सो बाट प्राप्त राजश्वको ३० प्रतिशत प्रोत्साहन वापत नक्सा तयार गर्ने सम्बन्धित इन्जिनियरलाई दिइनेछ । साथै नक्सा तयार र अनुमति सम्बन्धि कार्य ४५ दिन भित्र पुरा गरिनेछ ।
- नयां निर्माण गरीने सम्पुर्ण घरहरुमा पानी संरक्षण गर्न GROUND WATER RECHARGE हुने गरी घरवाट निस्केका फोहर पानी SOAKPIT निर्माण गरेपछि मात्र घरको निर्माण सम्पन्न प्रमाण पत्र दिइनेछ ।
- नयाँ निर्माण हुने घरहरुमा व्यपारिक क्षेत्रमा घरको छतमा कम्तीमा १० वटा गमला राखी फलफूल रोप्नु पर्नेछ । भने आवसीय क्षेत्रमा कम्तीमा २ वटा रुख रोपेपछि मात्र घरको निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ। यसका लागी भरत चौकलाई केन्द्र मानि ५०० मिटर उत्तर र ५०० मिटर दक्षिण त्यस्तै ५०० मिटर पुर्व र २०० मिटर पश्चिमको क्षेत्रलाई व्यपारीक क्षेत्र मानिनेछ ।
- कलैया नेपालमै क्रिकेटको विकासमा अग्रणी भूमिका खेल्दै आएको छ। क्रिकेटको विकास र विस्तारको लागि संघ तथा प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय संस्था संग सहकार्य गरि राष्ट्रिय स्तरको क्रिकेट रंगशाला निर्माण गरिनेछ।
- सवै बस्तीमा खानेपानी तथा सरसफाईजन्य क्रियाकलापहरुलाई उच्च प्राथमिकता दिइनेछ । साथै ओभरहेड टंकी निर्माण कार्यलाई निरन्तरता दिदै नयाँ ओभरहेड टंकी निर्माणको लागी दातृ निकायहरु सँग साझेदारी र सहकार्य गरीनेछ ।

- नगरका सबै वडालाई सडक संजाल संग जोड्न चक्रपथ निर्माणका लागि सम्भाव्यता अध्ययन डि पि आर लगायतका लागि प्रक्रिया अगाडी बढ़ाइनेछ ।
- नगरसभा गृहलाई सार्वजनिक निजी साझेदारी नीती अनुरुप संचालनमा ल्याइनेछ।
- वातावरण सन्तुलन तथा हरित नगरको रुपमा यस नगरपालिकालाई देशमा चिनाउनलाई बन्दै गरेको नयाँ सडक र पुराना सडकहरुको पेटीमा व्यावसायीक वृक्षारोपन कार्य गरिनेछ ।
- तयार गरिएका सड़क गुरुयोजना (MTMP) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- भूमिगत पानी प्रयाप्त भएको ठाउँमा डिप बोरिङ्ग जडान गरि सुगम र सुलभ सिचाईको लागि भूमिगत पाईप लाइन वितरण गरिनेछ ।
- वैकल्पिक उर्जा केन्द्र लगायत संग सहकार्य गरी सौर्य सिचाइ विकास र विस्तार कार्य गरिनेछ।
- विभिन्न संघ संस्था र नागरिक संग साझेदारी गर्दै इन्डक्सन चुलो बितरण गरी नागरिकको खाना पकाउन ईन्धनमा हुने खर्च घटाइनेछ ।
- व्यापार व्यवसायलाई प्रवर्धन गर्न शपिङ्ग कम्प्लेक्स निर्माण प्रक्रिया अगाड़ी बढाइनेछ ।
- उपभोक्ता समितिवाट हुने भौतिक पुर्वाधारको निर्माणमा स्थानीय लाभग्राही समुदायको ५ प्रतिशत लागत सहभागिता सुनिश्चित गरिनेछ ।

## सामाजिक विकास

- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिइनेछ । सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्दै विधालय सुधारका कार्य अगाडी बढाइनेछ र न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिकैको विद्यालयमा मर्ज गरि शिक्षक दरवन्दी समेत मिलान गरिनेछ ।
- माध्यमिक तहका सामुदायिक विद्यालयमा गणित प्रयोगशाला स्थापना गरिनेछ।
- कमजोर सिकाई उपलब्धी भएका विद्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा संचालनको लागी रकम उपलब्ध गराईनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ ।
- बालविकास सहजकर्ता विकास तालिम र शिक्षकहरुको पेशागत तालिम प्रदान गरिनेछ ।
- विद्यालय सहायक र प्र.अ. लाई SIP, IEMIS, जिन्सी र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।
- विद्यालयमा अतिरिक्त कृयाकलाप संचालन गरी विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभाको प्रस्फूटन गरिनेछ । प्रत्येक विद्यालयले वार्षिक शैक्षिक कार्य पात्रो अनुसार शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्नेछ।
- सामुदायिक विद्यालयमा अंग्रेज़ी माध्यममा शिक्षणको लागी प्रोत्साहन गरिनेछ। कक्षा ५ सम्म गणित विषय अग्रेजी माध्यमवाट अध्ययन अध्यापन हुदै आएकोमा अगामी आ.व.मा कक्षा ६ मा गणित विषयको

साथै विज्ञान तथा प्रविधी थप विषयलाई समेत अग्रेज़ी माध्यमवाट अध्ययन अध्यापन गराइनेछ।

- वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई दिदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ।
- एक विद्यालय एक फुलवारीको अवधारणा अन्सार कार्यक्रम संचालन गरिनेछ। अगामी आ. ब. मा सम्पूर्ण माध्यमिक विद्यालयहरुमा हरित बिधालय कार्यक्रम संचालन गरिनेछ ।
- लक्षित समुह तथा पिछडिएको क्षेत्रमा भएको विभेदलाई न्यूनिकरण गर्दै शिक्षा प्रणालीमा पहुँच सहभागिता तथा सिकाइ उपलब्धीका दृष्टिले समावेशिता तथा समता सुनिश्चित गरिनेछ।
- बालविकास देखि कक्षा ६ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरीनेछ।
- कक्षा ८ को परिक्षा नगरस्तरिय गरिनेछ ।
- विद्यालयको भौतिक निर्माण विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- उत्कृष्ट प्रधानाध्यापक र शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगर भित्रका टुहुरा असाहय बालवालिकाहरुलाई निःशुल्क आवास र अध्ययनको व्यवस्था गरिनेछ ।
- विद्यालयमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ ।
- चालु आ.व.मा निर्माण भएको स्थानीय पाठ्यक्रम कक्षा १ देखि कक्षा ३ सम्ममा लागू गरिनेछ।

- यस पालिकाका ४० वटा सामुदायिक विद्यालयहरुमा नविनता परियोजना अन्तरगत छात्राहरुमा आई.सि.टी. पढाई र रोजगारीका लागि परियोजना संचालनमा ल्याईनेछ।
- निर्माण भएको १० वर्षे नगर शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विधालयलाई शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयले तोके वमोजिमको एउटै रंगमा रंगाउने कार्यक्रम संचालन गरिनेछ ।
- बिधालय तह देखी नै खेलकुदको विकास गर्दै लगिनेछ। राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता, क्रिकेट मेयर रनिङ्ग सिल्ड र फ़ुटवल मेयर रनिङ्ग सिल्ड प्रतियोगिता संचालन गरिनेछ ।
- नमुना तथा उत्कृष्ट विद्यालयका प्र.अ. हरुवाट अध्ययन भ्रमण गरि सिकाइ आदान प्रदान गरिनेछ।
- सङ्घीय सरकारवाट प्राप्त शसर्त कार्यक्रम र वजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्वव्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने दर वढाइ मातृ तथा नवजात शिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ।
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक भत्ता तथा सहयोग सामाग्रीको ब्यवस्था गरिनेछ।
- उच्च रक्तचाप, मधुमेह , नसर्ने रोगको निशुल्क औषधि वितरण गरीनेछ।

- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरु वाटै विधुतिय माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था मिलाइनुका साथै तथ्याङ्कको गुणस्तर सुधारको लागि नियमित तथ्याङ्क गुणस्तर लेखाजोखा (Routing Data Quality Assessment- RDQA), न्यनतम सेवा मापदण्ड लेखाजोखा (Minimum service Standard, Mss-Assessment र समिक्षा कार्यलाई ब्यवस्थित बनाइनेछ।
- विपन्न नागरीकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन रोग उपचारको लागी ऋणको पासो पर्नवाट जोगाउन बिपन्न नागरिक निःशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।
- न्यूनतम सेवा मापदण्ड (Minimum service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ । स्वाथ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्नको लागी आवशयक तालिम दिईनेछ तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ ।
- महिला स्वास्थ्य सुधार गर्नको लागी पहुँच भन्दा टाढाको बस्तिमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर तथा पाठेघर चेकजाँच शिविर संचालन गरीनेछ।
- उपमहानगर वासिहरुको स्वास्थ्य प्रवर्द्धन गर्न पंचकर्ममा जोड दिनुको साथै योग तथा ध्यान शिविर संचालन गरिनेछ।

- स्थानीय स्वास्थ्य सस्थाहरुलाई ब्यवस्थित गर्न तथा सुशासन कायम गर्न स्थानीय स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिनेछ ।
- स्वास्थ्य संस्था अन्तर्गत रहेका आमा समूहको नियमित बैठक संचालन गरीनेछ।
- परिवार नियोजन सेवाको पहुँच बढ़ाउन ग्रामिण भेगमा निःशुल्क महिला तथा पुरुष बन्धयाकरण शिविर संचालन गरीनेछ।
- स्थानीय स्तरमा सुशासन व्यवस्थापन र पार्दर्शिता कायम गर्न नियमित रुपमा स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परिक्षण गरीनेछ ।
- यस कलैया उपमहानगरपालिकाको वडा नं. ९ मा तराई मधेशको साँस्कृति सम्पदा झल्किने गरी म्यूजियम, संग्राहलय भवन निर्माण गर्ने र वड़ा वस्तीवाट कला, सामाग्रीहरु प्रदर्शनको लागि राखिनेछ ।
- जेष्ठ नागरीक, महिला तथा बालबालिका, विधुवा, एकल महिला, यौनिक लैङ्गिकहरुको लागि सम्मान कार्यक्रमको कार्यक्रम संचालन गरिनेछ ।
- दाइजो प्रथा, बाल विवाह र महिला हिन्सा सम्बन्धी व्यवहार परिवर्तनको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता ( जन्म दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद, विवाह दर्ता र बसाई सराई ) घटना भएको ३५ दिन भित्र सम्बन्धि वडा कार्यालयमा दर्ता गराई सक्नुपर्ने निमय पालना गर्न गराउन गाउँ गाउँमा प्रचार प्रसार गरिनेछ ।

- पूर्ण रुपमा व्यक्तिगत घटना दर्तालाई अनलाईन प्रविधि मार्फत गर्ने गराउने भएकोले वड़ा सचिवहरुलाई पूर्नताजगी तालिम दिई अनलाईन प्रविधि बाट गर्न गराउन प्रोत्साहीत गरिनेछ ।
- महिला वालवालिका, किशोर किशोरी अपाङ्ता, तेस्रो लिङ्गी विरुद्ध हुने, सवै प्रकारका हिंसा अन्त्य गरिनेछ ।
- वालवालिकाको हक अधिकार संरक्षण गर्दै बालमैत्री स्थानीय तह घोषणा गर्ने र विषेश कार्यक्रमहरु संचालन गरिनेछ।
- ज्येष्ठ नागरिक हक, अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक हित प्रवर्द्धन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोगी सामाग्री वितरण तथा आय आर्जन हुने कार्यक्रमहरु संचालन गर्ने ।
- आवासको हक कार्यान्वयन गर्न दलित विपन्न नागरिक आवास कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक सामाजिक रुपले पछाडी परेका विपन्न महिलाहरुको लागि आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, न्यायमा पहुँच तथा संरक्षणात्मक उपायहरु अवलम्बन गर्ने ।

## आर्थिक विकास

- नेपाल सरकार संग पहल गरि यस कलैया उपमहानगरपालिकाको वडा नं. १० स्थित मटिअर्वा भन्सार कार्यालयबाट ५ लाख सम्मको मालसमान निकासी पैठारी गर्ने व्यावस्था मिलाईनेछ।
- सहकारीको माध्यमवाट पुँजी परिचालन गरी रोजगारी सिर्जना गर्दै गरिवी न्युनिकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- वडा नं ६ स्थित कृषि बजारलाई थप विस्तार गर्न छिटो संचालनमा ल्याउन उधोग वाणिज्य संघसंग सहकार्य गरिनेछ र कलैया हाट बजार भित्र रहेको माछामासु पसल र सडक छेउमा रहेको माछा मासु पसललाई कृषि बजार भित्र सारिनेछ ।
- सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरि संस्थागत सुशासन कायम गरिनेछ।
- सहकारी तथा गरिवी निवारण व्यवस्थापन प्रणाली (CoPOMIS) लाई कार्यान्वयनमा ल्याईनेछ ।
- उपमहानगर क्षेत्रभित्र निष्क्रिय संस्थाहरुलाई सक्रिय रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ। यसरी प्रोत्साहन गर्दा पनि वेवास्था गर्ने संस्थाहरुको दर्ता खारेजी तथा विघटन गरिनेछ ।
- सहकारी संस्थाहरुको प्रवर्धनात्मक कार्यहरु तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ।
- उद्योग व्यवसाय दर्ता, नवीकरण, ठाउँसारी, नामसारी लगायतका प्रशासनिक प्रकृयालाई प्रविधिमैत्री बनाई सरलिकृत गरिनेछ।

- उपमहानगरको समग्र विकासमा वारा उद्योग वाणिज्य संघसंग जिम्मेवार साझेदारको रुपमा सहकार्यको नीति लिईनेछ ।
- उद्योगको विस्तार लगानी प्रवर्द्धन तथा रोजगारी बढाउन उपयुक्त स्थानीय नीति तथा कानून सहित सार्वजनिक निजी साझेदारीको माध्यमवाट कार्य अगाडि वढाईनेछ ।
- कलैयाका विभिन्न मठ मन्दिर, मस्जिद गुम्बा लगायत विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन लगायतका विभिन्न संभावना बोकेका स्थलहरुको प्रवर्द्धन गरिनेछ ।
- पर्यटन विकास र प्रवर्द्धनको लागि गुरुयोजना बनाई परियोजना संचालन गर्न संघ, प्रदेश र निजी क्षेत्रहरुसंग सहकार्य गरिनेछ। साथै यस क्षेत्रमा लगानी गर्ने लगानीकर्तालाई सहयोग र सहजीकरण गरिनेछ ।
- **"हामीले तिरेको कर नगर विकासको आधार"** भन्ने नीति लिइनेछ। उपमहानगरपालिकाको राजस्व प्रशासनलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन उपमहानगरपालिकाको २७ वटै वडा कार्यालयहरूमा अनलाईन प्रणालीवाट राजस्व संकलन गर्ने तथा सेवाग्राहीले आफूलाई पायक पर्ने कुनै पनि ठाउँमा गएर राजस्व बुझाउन सक्ने व्यवस्था मिलाइनेछ।
- नगरपालिकाको आन्तरिक राजस्वलाई बढोत्तरी गर्न विभिन्न करका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी राजस्वको दायरालाई वृद्धि गर्ने नीति लिइनेछ।
- नगर क्षेत्रभित्रका सवै व्यवसायीहरूलाई करको दायरामा समेट्ने प्रयोजनका लागि व्यवसायीहरूको तथ्याङ्क अध्यावधिक गर्न व्यवसाय कर सङ्कलन, घर बहालकर सङ्कलन गर्न टोली परिचालन गरिनेछ।

- कर संकलन बृद्धि गर्न नगरपालिका / वड़ा कार्यालयबाट कुनै पनि सेवा दिनु भन्दा अगाडी कर चुक्ता प्रमाण पत्र लिनु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- घर बहाल करलाई दायरामा ल्याउनको लागि सम्पत्ति कर बुझाउने क्रममा उल्लेख भएको संरचनामा स्व-घोपणा विधिवाट कर संकलन गर्न थालनी गर्ने नीति लिइनेछ।
- उपमहानगरपालिकाको २७ बटै वडामा करदाता शिक्षा संचालन गरिनेछ। राजस्व परामर्श समिति अध्ययन प्रतिवेदन र राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- व्यवसाय कर र बहाल कर वडा कार्यालयबाट नै संकलन गर्ने व्यवस्था मिलाइनेछ र सो वापत संकलन भएको राजस्वको ५० प्रतिशत रकम सम्बन्धित वडालाई विकास कार्यमा खर्च गर्न थप दिइनेछ।
- वढ़ी प्रदुषण गर्ने ईटा भट्टा, चिनी मिल, टिपर लगायत बाट बाताबरण संरक्षण कर संकलन गरीनेछ । सो बाट संकल्न भएको राजश्वलाई बातावरण संरक्षणको क्षेत्रमा खर्च गरिनेछ।
- कृषिको उत्पादन तथा उत्पादकत्व वृदिमा बीउको अहम भुमिका रहने भएकोले उन्नत बीउ तथा मूल बीउ उत्पादन गर्ने कृषकलाई अनुदान दिने व्यवस्था मिलाईनेछ।
- कृषिको उत्पादन लागत घटाउन तथा कृषि क्षेत्रमा रहेको अर्ध रोजगारीमा सुधार गर्न कृषिमा यान्त्रीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ र ५० प्रतिशत अनुदानमा बिउ, कृषि यन्त्र उपकरण उपलब्ध गराउन बजेट व्यवस्था गरिनेछ।

- उपमहानगर भित्रका खेती योग्य जमिनमा सिंचाईको प्रयाप्ता सुनिश्चित गर्न भइरहेको जीर्ण अवस्थामा रहेका नहर कुलोको मर्मत गर्ने तथा कृषकहरुलाई साना सिंचाइमा अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ।
- स्थानिय कृषि उपजहरुको बजारीकरणका लागि आवश्यक पुर्वाधारमा लगानी गरिनेछ। एक वडा एक हाट बजार स्थापना गर्न प्रोत्साहन स्वरुप वडा नम्बर २ दोहरी र वडा नम्बर १६ मा कृषि हाट बजार निर्माण गरिनेछ।
- कृषकहरुको क्षमता अभिवृदि गर्ने तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन गरिनेछ।
- कृषिको लागत घटाउन र कृषकको मनोवल उच्च पार्न कृषि सिचाइको लागी विधुत महसुलमा अनुदान उपलब्ध गराइनेछ।
- कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न उपमहानगर भित्र रहेका खेतियोग्य बाझो जगगामा सामुहिक खेती गर्न लिजमा जग्गा उप्लब्ध गराईनेछ।
- वैदेशिक रोजगारवाट फर्किका तथा वेरोजगार युवाहरुलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न चाहने कृषकहरुलाई अनुदान दिने व्यवस्था गरिनेछ।
- कृषि उत्पादन पथ्चात गरिने प्रशोधनका लागि साना खाले प्रशोधन उधोग स्थापना गर्नका लागि कृषि सहकारी तथा समुहहरुलाई प्रोत्साहन गरिनेछ।
- कृषि बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। कृषकले आफना कृषिबालीहरुको वीमा गर्दा लाग्ने प्रिमियम शुल्कमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

- कृषि सूचना प्रणालिको विकास गरि उपमहानगरका प्रत्येक कृषकलाई त्यसमा आवद्ध गराईनेछ। कृषिको तथ्यांकलाई सुदृढीकरण गरिनेछ।
- माटो संरक्षण गर्नको निम्ति माटो जांचको व्यवस्था मिलाइनेछ। कृषकहरुको समस्यालाई सामाधान गर्नको लागि वाली संरक्षण शिविर आयोजना गरिनेछ।
- आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरुको जीविकोपार्जनका लागी निर्वाहमुखी पशुपन्क्षी पालन कार्यक्रम कार्यावन्यन गरिनेछ।
- पशुजन्य पदार्थहरुको उत्पादन लागत न्युनीकरण गर्न बहुवर्षीय हरियो घाँस विकास कार्यक्रम प्राथमिकताका साथ कार्यवन्यन गरिनेछ।
- पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृदि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम र बाँझोपनको समस्या निराकरण गर्न घरदैलो घुम्ती शिविर कार्यक्रम संचालन गरिनेछ।
- पशुपंक्षीहरुको रोग निरोधात्मक प्रतिरोधात्मक र उपचारात्मक तथा महामारी जन्य रोगहरुको प्रभावकारी नियन्त्रण कार्य गरिनेछ।
- आन्तरिक रोजगारीको अवसरले मात्र बाध्यात्मक बैंदेशिक रोजगारीलाई कम गर्ने हुदाँ सम्बन्धित सरकारी निकाय, गैर सरकारी तथा निजी क्षेत्रसंग सहकार्य गरी आन्तरिक रोजगारीलाई प्रवद्धन गरिनेछ।
- वैदेशिक रोजगारमा रहेका कामदारका परिवारले बैदेशिक रोजगारवाट प्राप्त गरेको विप्रेपणलाई उद्यम व्यवसायमा लगानी गर्न प्रोत्साहन गरी लगानीका लागि आवश्यक पर्ने वातावरण सृजना गरिनेछ । यसका लागि

व्यवसायको सम्भाव्यता अध्ययन गर्ने र उद्यमशिलता तथा सिप विकास तालिम प्रदान गरिनेछ।

- सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसको लागि संघ र प्रदेश सरकारसंग साझेदारी गरिनेछ।
- आप्रवासी श्रोत केन्द्र, स्थानीय परामर्श दाता, सामाजिक परिचालक, सहजकर्ता, स्वयंसेवक, नागरिक अगुवा आदिको सहयोगमा सुरक्षित वैदेशिक रोजगारी र पुनःएकीकरण सम्बन्धी तथ्य परक सूचना तथा जानकारीहरु प्रदान गराइनेछ ।
- यस स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरु लाई यूवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराईनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी वेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थासंग समन्वय गरि प्लम्बर तथा ईलेक्ट्रिसियन डकर्मी सिकर्मी ईलेक्ट्रोनिक्स समान मर्मत लगायतका सीपमुलक तालिम दिईनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैरसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिईनेछ।
- विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरूको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने आयोजनामा लाग्ने निर्माण समाग्री र औजारहरु तथा आयोजनामा खटिने श्रमिकको ज्यालामा

साझेदारी गरी कार्यक्रमलाइ थप प्रभावकारी बनाउनको लागि पालिकाबाट बजेट बिनियोजन गरीनेछ।

- स्थानीय स्तरमा संचालन हुने सडक सिचाइ पुल भवन नदी नियन्त्रण लगायतका वडागत तथा नगर स्तरीय योजना तथा कार्याक्रममा खटिने श्रमिक प्रधानमंत्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सेवा केन्द्रमा सुचिकृत व्यक्तिलाई प्राथमिकता दिई काममा लगाउनु पर्ने व्यवस्था मिलाईनेछ ।
- उपभोक्ताको हकहित संरक्षण गर्न नियमित बजार अनुगमनका कार्यक्रम संचालन गरिनेछन्।
- नागरिकहरुको जिवधनको सुरक्षाको लागि सुरक्षा निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ| ठाउँ-ठाउँमा सी.सी.क्यामेरा राखिनेछ।

**<u>वातावरण संरक्षण तथा विपद् व्यवस्थापन</u>**

- स्थानीय विपद् जोखिम न्यूनिकरण रणनितिक कार्य योजना तथा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अध्यावधिक गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ। साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई समय सापेक्ष सुधार गर्दै कार्यान्वनमा ल्याइनेछ। यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार संस्थाहरुसंग सहकार्य गरिनेछ।
- कलैया उपमहानगरपालिकाको योजना वद्ध विकास गरी सुन्दर कलैया निर्माणका लागि भू-उपयोग नीति तयार गरी कार्यान्यवनमा ल्याईनेछ।

- नदी कटानको जोखिम न्यूनीकरण गरी वस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सचालन गरिनेछ।
- फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी बनाउन निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
- फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ।
- सरसफाई तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा विभिन्नसूचकहरु निर्धारण गरी सरसफाई युक्त नमूना बस्ती घोषपणा गरिनेछ र यस्तावस्तीहरुलाई विशेष रुपमा प्रोत्साहित गरिनेछ ।
- टोल विकास संस्था गठन गरि फोहरमैला व्यवस्थापन लगायत विभिन्न क्षेत्रमा परिचालन गरिनेछ । टोल विकास संस्थाको समन्वयमा फोहोरमैला वर्गीकरण कार्यलाई घर र समुदाय स्तरबाट शुरुवात गरिनेछ ।
- टोल विकास संस्थालाई विकास साझेदार संस्थाको रुपमा परिचालन गरिनेछ।
- सामुदायमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्था लाई प्रोत्साहन र पुरस्कृत गरिनेछ।
- फोहोर मैलाबाट मल बनाउने तथा पुन-प्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिई अगाडी बढ़ाइनेछ ।
- जलवायु परिवर्तन तथा अनुकुलनका लागी बृक्षारोपन कार्यक्रमलाई अभियान कै रुपमा संचालन गरिनेछ।

- पानीको सतह घट्दै गएकोले पानीको संरक्षणको लागी प्रत्येक घरमा SOAKPIT निर्माण गर्नु पर्ने व्यवस्था कडाइका साथ लागु गरीनेछ। यसका लागी टोलबिकास संस्था, गैर सरकारी संस्थासंग साझेदारी गरीनेछ।
- फोहोरमैला व्यवस्थापनको लागी डम्पिङ्ग साईट तथा त्यस संग सम्बन्धीत बाटोघाटो समेत निर्माण कार्यलाई उच्च प्राथमिक्ताका साथ अगाड़ी बढ़ाइनेछ।

**न्याय सम्पादन्**

- न्याय सम्पादनलाई प्रभावकारी र सहज बनाउदै सबै वडाहरुमा स्थापित मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित वनाईनेछ।
- न्यायिक समिति बाट सम्पादन हुने कार्य तथा प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- स्थानीय तहहरु मध्ये नमूना कार्य सम्पादन गर्ने न्यायिक समिति मध्ये कुनै एक छनौट गरि न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुवाट अवलोकन भ्रमण गरि त्यहा भएका असल अभ्यासहरुलाई आन्तरिकीकरण गरिनेछ।
- स्थानीय तह सँग सम्बन्धित समसामयिक कानून र व्यवाहारिक समस्या सम्बन्धमा जनप्रतिनिधी र कानून शाखा विच अन्तरक्रिया, छलफल, गोष्टि संचालन गरि वडास्तर बाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाइनेछ।

- मानव अधिकारको संरक्षण, संवद्धन र प्रबद्धन गरिने कार्यक्रम संचालन गरिनेछ।
- मेलमिलाप कर्तालाई तालिम प्रदान गरी सक्षम र दक्ष बनाइनेछ।

## संस्थागत क्षमता तथा जनशक्ति विकास

- यस उपमहानगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमणमा विशेष जोड दिइनेछ । कार्यरत कर्मचारीहरुको कार्यक्षेत्र संग सम्बन्धित ज्ञान, सीप तथा दक्षता बढ़ाएर उत्प्रित गर्न तालिमको व्यवस्था गरिनेछ।
- कर्मचारीहरुलाई सजग तथा काम प्रति थप जिम्मेवार र उत्प्रेरित बनाउन खाइपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- वारुणयन्त्र सेवामा कार्यरत कम्मचारीहरुलाई आधारभूत तलब मानको १५ प्रतिशत जोखिम भक्ता उपलब्ध गराइनेछ ।
- यस उ.म.न.पा. भित्र सूचना तथा संचारहरुको आधुनिक प्रविधि जडान गर्नुका साथै पूर्ण रुपमा विस्तारमा ल्याई नगरपालिकालाई सुचना प्रविधि मैत्री वनाइने छ।
- यस उ.म.न.पा. भित्रका सामुदायिक विद्यालयहरमा e-atendance, CcTVCamera, Digital Notice Board, School related multi functional software जड़ान कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ|
- उ.म.न.पा. भित्रका नगर स्वास्थ्य प्रबर्द्धन केन्द्र र स्वास्थ्य चौकीहरुबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु Online मार्फत नगरवासीहरुलाई सहज रुपमा उपलब्ध गराइनेछ।

- नगरपालिका कार्यालय देखि वड़ा सम्म Online प्रणालीबाट कामकाज गर्न प्रोत्साहन गरिनेछ। यसका लागि वड़ा सचिवलाई प्रोत्साहन गर्न पूर्ण रूपमा Online कार्य गर्ने सचिवलाई मासिक रु. १५००/ Online वर्क भत्ता दिइनेछ। वडा कार्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाइने छ।
- नेपाल दूर संचार प्राधिकरण तथा अन्य सरोकारवालाहरूसँग सहकार्य एवं समन्वय गरी सामुदायिक सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।
- सेवा प्रदायकरसँगको सहकार्यमा न.पा. तथा वडाको विचमा इन्टरनेट तथा इन्ट्रानेट जडान तथा सज़ाल विस्तार गरिनेछ।
- सर्वसाधारण तथा सेवाग्राहीको पहूँच हुने गरी निःशुल्क वाईफाई क्षेत्र (Free WifZone) को विस्तार गरिनेछ।
- वड़ा स्तरबाटै योजना तथा कार्यक्रम संचालन गर्न्ने गरी जिम्मेवारी र आर्थिक अधिकार हस्तान्तरण गरीनेछ । अगामी आ. ब. मा वड़ालाई सड़क बत्ति, सरसफाइ, विबिध, इन्धन, खेलकुद, आर्थिक सहायता, धर्म संस्कृति संरक्षण र खरिद लगायतका आर्थिक अधिकार प्रत्यायोजन गरिनेछ।
- कार्यालयवाट हुने सेवा प्रवाह र सम्पादन भएका महत्वपूर्ण कार्यहरूको विषयमा डिजिटल सूचना पाटी (Digital Notice Board) को विकास गरिनेछ।
- कार्यालयको गतिविधी, नागरिक बड़ापत्र लगायतको जानकारी समेटिएको मोबाईल एप (Mohile App)को विकास गरी प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ।

- कार्यालयमा रहेका साविकका हस्तलिखित दस्तावेजहरूलाई कम्प्युटर प्रणालीको प्रयोग गरी डिजिटल दस्तावेज बनाउने व्यवस्था गर्ने।
- कार्य सम्पादन तथा सेवा प्रवाहमा सफ्टवेयर प्रणाली (Sofware System) हरुको विस्तार गरिदै लगिनेछ।
- जनशक्ति विकास तालिम, स्थानीय तहका कर्मचारीहरुको लागि कम्प्युटर संचालन सम्बन्धी आधारभूत तालिम, स्थानीय तहका कर्मचारीहरुको लागि सफ्टवेयर संचालन सम्बन्धी तालिमको व्यवस्था तत्काल गरिनेछ।

**सभासदस्यज्यूहरू,**

अब म आ.व. २०८१/२०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ आय व्यय को विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

## २०८१/२०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ आय विवरणः

नेपाल सरकार समानिकरण अनुदान रु.२३४१७१५२०.०० (अक्षेरुपी रु तेयाईस करोड एकचालिस लाख एकहत्तर हजार पाँच सय वीस रुपैया मात्र), नेपाल सरकार शशर्त अनुदान चालु रु.४९०७४३४५७.०० (अक्षेरुपी रु उन्नापचास करोड सात लाख त्रिचालिस हजार चार सय सन्ताउन्न रुपैया मात्र), नेपाल सरकार शशर्त अनुदान पुजिगत रु.४६५२५०००.०० (अक्षेरुपी रु चार करोड पैष्ठी लाख पच्चिस हजार रुपैया मात्र), नेपाल सरकार विशेष अनुदान ०.००, नेपाल सरकार समपुरक अनुदान रु.२५०००००.०० (अक्षेरुपी रु पच्चिस लाख रुपैया मात्र), प्रदेश सरकार समानिकरण अनुदान रु. १९५८८००० (अक्षेरुपी रु एक करोड पन्चानव्वे लाख अठासी हजार रुपैया मात्र), प्रदेश सरकार शशर्त अनुदान पूँजिगत रु. ७२६०९३०.०० (अक्षरुपी वहत्तर लाख साठी हजार नौ सय तीस रुपैया मात्र), प्रदेश सरकार बिशेष अनुदान रु. ०.००, प्रदेश सरकार समपुरक अनुदान रु. ०.००, संघीय सरकार राजश्व वाडफाड रु.१५६०६६३५६ (अक्षरुपी पन्ध्र करोड साठी लाख छैष्ठी हजार तीन सय छपन्न रुपैया मात्र), प्रदेश सरकार राजश्व वाडफाड रु. १९४२०२५३.०० (अक्षेरुपी एक करोड चौरानव्वे लाख वीस हजार दुई सय त्रिपन्न रुपैया मात्र), स्थानीय राजस्व बाँटफाटबाट प्राप्त आय

रु. ४१५५५४४३ (अक्षेरपी रु चार करोड पन्ध्र लाख पच्चपन्न हजार चार सय त्रिचालिस रुपैया मात्र), आन्तरिक श्रोतबाट रु. ८४८१६१०३ (अक्षेरुपी आठ करोड अठचालिस लाख सोह्र हजार एक सय तीन रुपैया मात्र), अल्या रु. ७६८००००० (अक्षेरुपी सात करोड अठसठी लाख रुपैया मात्र) आम्दानी प्राप्त भएको छ माथि उल्लेखित विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गरिएको छ।

## २०८१/२०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ व्यय विवरणः

चालु आ.ब. २०८१।०८२ को शर्सत अनुदान चालु नेपाल सरकार खर्च ४१९३७०१३१ (अक्षेरुपी एकचालिस करोड त्रियानव्ये लाख सत्तरी हजार एक सय एकत्तीस रुपैया मात्र), शर्सत अनुदान पुजिगत नेपाल सरकार व्यय रकम ३०७९२२१८ (अक्षेरुपी तीन करोड सात लाख व्यानव्ये हजार दुई सय अठार रुपैया मात्र), समपुरक अनुदान नेपाल सरकार व्यय रु. २५००००० (अक्षेरुपी पच्चिस लाख रुपैया मात्र), प्रदेश सरकार समानीकरण अनुदान तर्फको व्यय रु.५५०८७७९ (अक्षेरुपी पचपन्न लाख आठ हजार सात सय उनासी रुपैया मात्र), राजस्व बाँटफाट तर्फ रु ८०३८८३४ (असी लाख अठ्त्तीस हजार आठ सय चौत्तिस रुपैया मात्र) र पुंजीगत खर्च (शशर्त प्रदेश) ७२६०९३० (अक्षेरपी वहत्तर लाख साठी हजार नौ सय तीस रुपैया मात्र), समपुरक खर्च (प्रदेश) तर्फ ०.०० र बिशेष खर्च (प्रदेश) तर्फ रु. ०.०० संघीय राजस्व बाँटफाट रु.१५५९७९२४९ (अक्षेरुपी पन्ध्र करोड उनान्नसाठी लाख उनासी हजार दुई सय उनान्न पचास

रुपैया मात्र), स्थानीय राजस्व बाँटफाट रु. ४०९३७१३४ (अक्षेरुपी चार करोड नौ लाख सैत्तिस हजार एक सय चौतिस रुपैया मात्र), आन्तरिक आय अल्या सहित रु १६१६१६१०३ (अक्षेरुपी सोह्र करोड सोह्र लाख सोह्र हजार एक सय तीन रुपैया मात्र) गरि जम्मा रु. ९९३७५०७७२ (अक्षेरुपी उन्नासय करोड सैत्तिस लाख पचास हजार सात सय वहत्तर रुपैया मात्र) व्यय भएको देखिन्छ।

माथि उल्लेखित विवरण अनुसूची २ वमोजिमको ढाँचामा तयार गरिएको छ।

**सभासदस्यज्यूहरु,**

अव म अगामी आ.व. २०८२/२०८३ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

## २०८२/२०८३ अनुमानित आय विवरणः

अनुमानित आय तर्फ अगामी आ.ब, २०८२/२०८३ मा नेपाल सरकार समानिकरण अनुदान रु.२४९२०००००.०० अक्षेरुपी चौविस करोड व्यान्नव्ये लाख मात्र नेपाल सरकार शशर्त अनुदान चालु रु.५६६७००००० अक्षेरुपी छपन्न करोड छैष्ठी लाख रुपैया मात्र, नेपाल सरकार शसर्त अनुदान पुँजित रु. १०९०००००० अक्षेरुपी दश करोड नव्ये लाख रुपैया मात्र, नेपाल सरकार समपुरक अनुदान रु. ९९०००००.०० (अक्षरुपी उनान्न सय लाख रुपैया मात्र), नेपाल सरकार बिषेश अनुदान रु. २६५०००००.०० (अक्षेरुपी दुई करोड पैष्ठी लाख रुपैया मात्र), प्रदेश सरकार समानिकरण अनुदान रु. १७७४६०००.०० (अक्षेरुपी एक करोड सत्तहत्तर लाख छयालीस हजार रुपैया

मात्र), प्रदेश सरकार शशर्त अनुदान रु. ०.००, प्रदेश सरकार विपेश अनुदान रु.०.००, प्रदेश सरकार समपुरक अनुदान रु. ०.००, संधीय सरकार राजश्व वाँडफाँड रु.१७७३५४४६० (अक्षरुपी सतर करोड त्रिहत्तर लाख चवन्न हजार चार सय साठी रुपैया मात्र), प्रदेश सरकार राजश्व वाँडफाँड रु.१४०१६४४०.०० (अक्षरुपी एक करोड चालिस लाख सोह्र हजार चास सय चालिस रुपैया मात्र), स्थानीय राजश्व वाँडफाँडबाट रु. ८००००००० .०० (अक्षरुपी आठ करोड रुपैया मात्र), आन्तरीक श्रोतबाट अल्या सहित रु ४४३९७०८३९.०० (अक्षरुपी चौवालिस करोड उन्नचालिस लाख सत्तरी हजार आठ सय उनान्न चालिस रुपैया मात्र), जनसहभागिताबाट प्राप्त रु ३०००००० .०० (अक्षरुपी त्तिस लाख रुपैया मात्र) गरि कुल जम्मा रु. १७२७३८७७३९.०० (अक्षरुपी रु एक अर्व बहत्तरी करोड तिहतरी लाख सतासी हजार सात सय उन्नाचालिस रुपैया मात्र) आम्दानी प्राप्त हुने अनुमान गरेको छु।

माथि उल्लेखित विवरण अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरिएको छ।

## २०८२/२०८३ अनुमानित व्यय विवरणः

अनुमानित व्यय तर्फ अगामी आ.ब. २०८२/२०८३ मा नेपाल सरकार समानिकरण अनुदान रु.२४९२००००० .०० (अक्षेरुपी चौविस करोड व्यान्नव्ये लाख मात्र), नेपाल सरकार शशर्त अनुदान चालु रु.५६६७००००० (अक्षेरुपी छपन्न करोड छैष्ठी लाख रुपैया मात्र), नेपाल सरकार शसर्त अनुदान पुँजिगत रु. १०९०००००० (अक्षेरुपी दश करोड नव्ये लाख रुपैया मात्र), नेपाल सरकार समपुरक अनुदान रु. ९९००००० .०० (अक्षेरपी उनान्न सय लाख

रुपैया मात्र), नेपाल सरकार बिषेश अनुदान रु. २६५००००००.०० (अक्षेरुपी दुई करोड पैष्ठी लाख रुपैया मात्र), प्रदेश सरकार समानिकरण अनुदान रु. १७७४६०००.०० (अक्षेरुपी एक करोड सत्तहत्तर लाख छयालीस हजार रुपैया मात्र), प्रदेश सरकार शशर्त अनुदान रु. ०.००, प्रदेश सरकार विषेश अनुदान रु.०.००, प्रदेश सरकार समपुरक अनुदान रु. ०.००, संधीय सरकार राजश्व बाँडफाँड रु.१७७३५४४६० (अक्षेरुपी सतर करोड त्रिहत्तर लाख चवन्न हजार चार सय साठी रुपैया मात्र), प्रदेश सरकार राजश्व बाँडफाँड रु.१४०१६४४०.०० (अक्षेरुपी एक करोड चालिस लाख सोह्र हजार चास सय चालिस रुपैया मात्र), स्थानीय राजश्व बाँडफाँडबाट रु. ८००००००००.०० (अक्षरुपी आठ करोड रुपैया मात्र), आन्तरीक श्रोतबाट अल्या सहित रु ४४३९७०८३९.०० (अक्षरुपी चौवालिस करोड उन्नचालिस लाख सत्तरी हजार आठ सय उनान्न चालिस रुपैया मात्र), जनसहभागिताबाट प्राप्त रु ३००००००.०० (अक्षरुपी त्तिस लाख रुपैया मात्र) गरि कुल जम्मा रु. १७२७३८७७३९.०० (अक्षरुपी एक अर्व बहत्तरी करोड तिहतरी लाख सतासी हजार सात सय उन्नाचालिस रुपैया मात्र) व्यय हुने अनुमान गरेको छु।

माथि उल्लेखित विवरण अनुसूची ४ बमोजिमको ढाँचामा तयार गरिएको छ।

आ.व. २०८२।०८३ को श्रोत अनुसार अनुमानित वार्षिक बजेट विवरण अनुसूची ५ र आ.व. २०८२।०८३ को कार्यक्रम अनुसार अनुमानित वार्षिक बजेट विवरण अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरिएको छ।

अगामी आ.व. २०८२।०८३ को पुँजिगत तर्फ रकम रू. ६८०४,००,०००.०० (३९.३९%) (अक्षरेपी अढसठी करोड चार लाख), चालू तर्फ रकम रू. १,०४१,९८७,७३९.०० (६०.३२%) (अक्षरेपी एक अर्ब चार करोड उन्नाइस लाख सतासी हजार सात सय उनन्चालिस रुपैया) र वित्तीय व्यवस्थापन तर्फ रू. ५,०००,०००.०० (०.२९%) (अक्षरेपी पचास लाख रुपैया) गरि जम्मा रकम रु. १,७२७,३८७,७३९.०० (१००%) (अक्षरेपी एक अर्ब बहत्तरी करोड तिहत्तरी लाख सतासी हजार सात सय उनन्चालिस रुपैया) विनियोजन प्रस्ताव गरिएको छ।

अन्त्यमा, यस उपमहानगरपालिकाको आर्थिक सामाजिक विकास एवं सेवा प्रवाहमा संलग्न नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वड़ा अध्यक्षज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, कर्मचारीहरु र पत्रकारज्यूहरु लाई पन्ध्रौ नगर सभाको अवसरमा धन्यवाद ज्ञापन गर्दछु । यसै गरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमामा संलग्न सम्पूर्ण जनप्रतिनिधी र सम्पूर्ण कर्मचारीहरु प्रति कृतज्ञता ज्ञापन गर्दै सफल कार्यान्वयनमा सवै पक्षको सदाझै सक्रिय सहयोगको अपेक्षा एवं बिश्वास राखेको छु।

धन्यवाद !

रौशन परविन

नगर उप-प्रमुख

## अनुसूची - १

## २०८१।०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ आय विवरणः

| क्र.सं. | स्रोत | यथार्त आय | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | २३४१७१५२० | |
| २ | मधेश प्रदेश : १३३११ - समानिकरण अनुदान | १९५८८००० | |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | १९४२०२५३ | |
| ४ | राजस्व बाँडफाँड — स्थानीय : १००२० - राजस्व बाँडफाँड | ४१५५५४४३।८ | |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १५६०६६३५६।९ | |
| ६ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | १६१६१६१०३।३ | |
| | अल्या | | |
| ७ | जन सहभागीता | ० | |
| ८ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४९०७४३४५७ | |
| ९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ४६५२५००० | |
| १० | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | ० | |
| ११ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | २५००००० | |
| १२ | मधेश प्रदेश - विषेश अनुदान चालु | ० | |
| १३ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | ० | |
| १४ | नगर विकास कोष बाट ऋण | | |
| १५ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | ७२६०९३० | |
| | **जम्मा** | **११७९४४७०६४** | |

## अनुसूची - २

## २०८१।०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ व्यय विवरणः

| क्र.सं. | स्रोत | यथार्त व्यय | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | १६१७४७३९४ | |
| २ | मधेश प्रदेश : १३३११ - समानिकरण अनुदान | ५५०८७७९ | |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | ८०३८८३४ | |
| ४ | राजस्व बाँडफाँड — स्थानीय : १००२० - राजस्व बाँडफाँड | ४०९३७१३४ | |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १५५९७९२४९ | |
| ६ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | १६१६१६१०३।३ | |
| | अल्या | | |
| ७ | जन सहभागीता | | |
| ८ | नेपाल सरकार - शसर्त अनुदान चालु | ४१९३७०१३१ | |
| ९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ३०७९२२१८ | |
| १० | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | ० | |
| ११ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | २५००००० | |
| १२ | मधेश प्रदेश - विषेश अनुदान चालु | ० | |
| १३ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | ० | |
| १४ | नगर विकास कोष बाट ऋण | ० | |
| १५ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | ७२६०९३० | |
| **जम्मा** | | **९९३७५०७७२।३** | |

## अनुसूची - ३

### २०८२।०८३ को अनुमानित आय विवरणः

| क्र.सं. | स्रोत | अनुमानित आय | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | २४९२०००००० | |
| २ | मधेश प्रदेश : १३३११ - समानिकरण अनुदान | १७७४६००० | |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | १४०१६४४० | |
| ४ | राजस्व बाँडफाँड — स्थानीय : १००२० - राजस्व बाँडफाँड | ८००००००० | |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १७७३५४४६० | |
| ६ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | ४४३९७०८३९ | |
| | अल्या | | |
| ७ | जन सहभागीता | ३०००००० | |
| ८ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५६६७००००० | |
| ९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | १०९०००००० | |
| १० | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | २६५००००० | |
| ११ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | ९९००००० | |
| १२ | मधेश प्रदेश - विषेश अनुदान चालु | | |
| १३ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | | |
| १४ | नगर विकास कोष बाट ऋण | ३००००००० | |
| १५ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | | |
| **जम्मा** | | **१७२७३८७७३९** | |

## अनुसूची - ४

## २०८२।०८३ को अनुमानित व्यय विवरणः

| क्र.सं. | स्रोत | अनुमानित व्यय | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | २४९२००००० | |
| २ | मधेश प्रदेश : १३३११ - समानिकरण अनुदान | १७७४६००० | |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | १४०१६४४० | |
| ४ | राजस्व बाँडफाँड — स्थानीय : १००२० - राजस्व बाँडफाँड | ८०००००० | |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १७७३५४४६० | |
| ६ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | ४४३९७०८३९ | |
| | अल्या | | |
| ७ | जन सहभागीता | ३०००००० | |
| ८ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५६६७००००० | |
| ९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | १०९०००००० | |
| १० | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | २६५००००० | |
| ११ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | ९९००००० | |
| १२ | मधेश प्रदेश - विषेश अनुदान चालु | | |
| १३ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | | |
| १४ | नगर विकास कोष बाट ऋण | ३०००००० | |
| १५ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | | |
| **जम्मा** | | **१७२७३८७७३९** | |

# अनुसूची - ५

## २०८२।०८३ को श्रोत अनुसार अनुमानित वार्षिक बजेट विवरण:

| | | आ.व २०८०/०८१ | | आ.व २०८१/०८२ जेठ मसान्त सम्म | | | आ.व २०८२/०८३ | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | यथार्त व्यय | वार्षिक अनुमानित आय | यथार्त आय | जेठ मसान्त सम्मको व्यय | वार्षिक अनुमानित आय | व्यय अनुमान |
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | २७०७००००० | २५७१५१००० | २५५२००००० | २३४१७१५२० | १६१७४७३९४ | २४९२००००० | २४९२००००० |
| २ | मधेश प्रदेश : १३३११ - समानिकरण अनुदान | २०६८५००० | २०६८५००० | १९५८८००० | १९५८८००० | ५५०८७७९ | १७७४६००० | १७७४६००० |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | २५६३४९३४ | २५६३४९३४ | २७१००००० | १९४२०२५३ | ८०३८८३४ | १४०१६४४० | १४०१६४४० |
| ४ | राजस्व बाँडफाँड - स्थानीय : १००२० - राजस्व बाँडफाँड | ६३१००००० | ४१०७१५१०।४४ | ७०००००००० | ४१५५५४४३।८ | ४०९३७१३४ | ८०००००००० | ८०००००००० |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १८८८२९००० | १६०१८६८९६।९ | २००५००००० | १५६०६६३५६।९ | १५५९७९२४९ | १७७३५४४६० | १७७३५४४६० |
| ६ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | ४१८५५२२५० | ४१८५५२२५० | ५३५००५८०० | १६१६१६१०३।३ | १६१६१६१०३।३ | ४४३९७०८३९ | ४४३९७०८३९ |
| | अल्या | | | | | | | |
| ७ | जन सहभागीता | १०००००००० | ४३८८७७० | ० | ० | | ३०००००० | ३०००००० |
| ८ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५३८३१७००० | ५३७४६४५०० | ५४४६२८००० | ४९०७४३४५७ | ४१९३७०१३१ | ५६६७००००० | ५६६७००००० |
| ९ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ३६०००००० | ३६०००००० | ६५१००००० | ४६५२५००० | ३०७९२२१८ | १०९०००००० | १०९०००००० |
| १० | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | ५४०००००० | ५४०००००० | ० | ० | ० | २६५००००० | २६५००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत | ३५००००००० | ३५००००००० | १०००००००० | २५०००००० | २५०००००० | ९९०००००० | ९९०००००० |
| १२ | मधेश प्रदेश - विषेश अनुदान चालु | ७५०००००० | ० | ३००००००० | ० | ० | | ० |
| १३ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | ५०००००० | ० | २०००००० | ० | ० | | ० |
| १४ | नगर विकास कोष बाट ऋण | | | | | ० | ३०००००००० | ३०००००००० |
| १५ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | ० | ० | १२५००००० | ७२६०९३० | ७२६०९३० | | ० |
| **जम्मा** | | **१५९२३१८१८४** | **१५०९१३४८६१** | **१७४४६२१८००** | **११७९४४७०६४** | **९९३७५०७७२१३** | **१७२७३८७७३९** | **१७२७३८७७३९** |

## अनुसूची - ६

## २०८२।०८३ को कार्यक्रम अनुसार अनुमानित वार्षिक बजेट विवरणः

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| ८०२२१३०११०१ कलैया उप महानगरपालिका | | |
| १ | पर्व खर्च करार र स्थायी | ९०००००० |
| २ | सम्पुर्ण कर्मचारी पारीश्रमिक | ९५०००००० |
| ३ | पारिश्रमिक कर्मचारी आधारभूत स्वास्थ्य सेवा केन्द्र करार | २५०००००० |
| ४ | सरसफाई कर्मी (स्वीपर) को ज्याला | ४०००००० |
| ५ | बाल बिकास सहजकर्ता बिधालय कर्मचारी र सामुदायीक सिकाइ केन्द्रमा कार्यरत कर्मचारीहरुको स्थानीय तहबाट थप रकम | १८७०००००० |
| ६ | पोशाक कार्यरत कर्मचारी सबै | २०००००० |
| ७ | महंगी भत्ता कार्यरत कर्मचारी सबै | ४५००००० |
| ८ | शिक्षा महाशाखा अन्तरगत बैठक यातायात अनुगमन र बिधालय स्तरीय परीक्षा संचालन र ब्यवस्थापन समेत | ६००००० |
| ९ | महिला स्वास्थ्य स्वंम सेबिका प्रोत्साहन | ३१५०००० |
| १० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २५०००० |
| ११ | रासन भत्ता | ७१०००० |
| १२ | अन्य समिति इत्यादी बैठक भत्ता न्यायीक समिति समेत | २०००००० |
| १३ | प्रोत्साहन भत्ता स्थायी र करार | ८०००००० |
| १४ | सेवा सुबिधा पदाधिकारी | ५०००००० |
| १५ | पानी तथा बिजुली | ३०००००० |
| १६ | संचार महसुल | २५०००० |
| १७ | इन्धन (कार्यालय प्रयोजन) | २५०००००० |
| १८ | बिमा तथा नवीकरण खर्च | ४००००० |
| १९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९०००००० |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | ३०००००० |

| | | |
|---|---|---|
| २१ | पुस्तक तथा सामग्री खर्च | १५०००० |
| २२ | संदेश मूलक सूचना प्रकासन | ६००००० |
| २३ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६००००० |
| २४ | सूचना प्रकाशन खर्च | २५००००० |
| २५ | अन्य कार्यालय संचालन खर्च छपाइ समेत | २८००००० |
| २६ | सेवा र परामर्श खर्च | २०००००० |
| २७ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १३००००० |
| २८ | अन्य सेवा शुल्क इन्टरनेट तथा डाटा कनेक्टिभिटि शुल्क | २०००००० |
| २९ | अन्य सेवा शुल्क इन्टरनेट | १०००००० |
| ३० | कार्यक्रम खर्च बेबारिसे लास ब्यवस्थापन | ३००००० |
| ३१ | ई कार्यालय व्यवस्थापन तथा सभा वैठक प्रत्क्षय प्रसारण प्रणाली जडान | ३५०००० |
| ३२ | कार्यक्रम खर्च नगर गतिबिधी समेत | १३००००० |
| ३३ | लामखुट्टे नियन्त्रण (औषधी खरिद तथा ज्याला ) | १५००००० |
| ३४ | सक्सन टंक संचालन तथा ब्यवस्थापन | १००००० |
| ३५ | उद्यम विकास सहजकर्ताको पारिश्रमिक साझेदारी | ४२७७३९ |
| ३६ | अन्य सामाजिक सहायता | ३५००००० |
| ३७ | कार्यक्रम खर्च सार्वजानिक सुनुवाइ | २००००० |
| ३८ | जनप्रतनिधी र कर्मचारी क्षमता बिकास कार्यक्रम र जनप्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण | १५००००० |
| ३९ | अनुगमन, मूल्यांकन खर्च | ७००००० |
| ४० | बजार अनुगमन | २००००० |
| ४१ | सहकारी संस्था अनुगमन, मूल्यांकन खर्च | १००००० |
| ४२ | भ्रमण खर्च जनप्रतिनिधी | ९००००० |
| ४३ | भ्रमण खर्च कर्मचारी | १५००००० |
| ४४ | विविध खर्च पालिका र वडा कार्यालय समेत | ११५००००० |
| ४५ | सभा सञ्चालन खर्च | २५००००० |

| | | |
|---|---|---|
| ४६ | नगर बिकास कोषको ब्याज भुक्तानी | ५०००००० |
| ४७ | औषधी खरिद खर्च | २७००००० |
| ४८ | उधोग बाणिज्य संघको ठेक्काको हिस्सा भुक्तानी | १८००००० |
| ४९ | अन्य भाडा | २५०००० |
| ५० | घरभाडा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन र वडा कार्यालय | २०००००० |
| ५१ | सरसफाइ सवारी साधन तथा मेशिनर औजार भाडा | ७०००००० |
| ५२ | गत विगतको जनसहभागिता फिर्ता | १५००००० |
| ५३ | विभिन्न समितहरुको बैठक भत्ता | १०००००० |
| ५४ | ठेला मर्मत/ ठेला खरिद | ४००००० |
| ५५ | कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधी सम्बन्धी क्षमता बिकास तालिम | ४५०००० |
| ५६ | प्रोत्साहन भत्ता स्थायी र करार | ८०००००० |
| ५७ | प्र अ बैठक भता | २००००० |
| ५८ | चालु दायित्य २०८१।८२ | ५००००००० |
| ५९ | पुजीगतदायित्य २०८१।८२ | १५००००००० |
| ६० | प्रशासनिक भवन साझेदारी | २५०००००० |
| ६१ | बैठक भता | ५००००० |
| ६२ | खप्ने सामान | ७५००००० |
| ६३ | वडा नं १ देखी २७ लाई विनयोजन वजेट | २७०००००००० |
| ६४ | नगर स्तरीय योजना | ४८४०००००० |
| ६५ | मर्मत संभार कोष | १००००००० |
| ६६ | सडक वत्ती | १००००००० |
| ६७ | सामाजिक सुरक्षा कोष | १५००००० |
| ६८ | समपुरक साझेदारी | २००००००० |
| ६९ | नगर विकास कोषको सावा व्याज भुक्तानी | ५०००००० |
| ७० | नेपाल सरकार -शसर्त अनुदान चालु | ५६६७००००० |
| ७१ | नेपाल सरकार -शसर्त अनुदान पुँजीगत | १०९०००००० |
| ७२ | नेपाल सरकार -विषेश अनुदान पुँजीगत | २६५००००० |
| ७३ | नेपाल सरकार -समपुरक अनुदान पुँजीगत | ९९००००० |

| | | |
|---|---|---|
| ७४ | मधेश प्रदेश - विषेश अनुदान चालु | ० |
| ७५ | मधेश प्रदेश - समपुरक अनुदान पुँजीगत | ० |
| ७६ | मदेश प्रदेश शसर्त अनुदान पूँजिगत | ० |
| ७७ | नगर विकास कोष बाट प्राप्त ऋण | ३००००००० |
| ७८ | वडा ४ जग्गा खरिद | ५०००००० |
| ७९ | शाखा तथा कार्यालय को लागि | १००००००० |
| ८० | जनसहभागीता | ३०००००० |
| | **जम्मा** | **१७२७३८७७३९** |